# गर्भनली सम्बन्धी सुक्ष्म-जाँच कार्यक्रम (सी एस पी)-का तथ्यहरूको विवरण

## पृष्ठभूमि

गर्भनली सम्बन्धी क्यान्सर, हङ्गकङ्गका महिलाहरूमा पाइने आम क्यान्सरको रोग हो। सन् 2003-मा यो महिलाहरूलाई हुने चौंथो सर्वाधिक आम क्यान्सर थियो तथा सन् 2004-मा क्यान्सरद्वारा हुने महिलाहरूको मृत्युको आठौं सर्वाधिक आम कारण यही रोग थियो। गर्भनली सम्बन्धी क्यान्सरका जोखिमहरूमा मानव पैपीलोमा भाइरस (एच पी भी)-द्वारा संक्रमण, कम उमेरमा यौन सम्बन्ध, धेरै व्यक्तिहरूसित यौन सम्बन्ध, धूम्रपान अनि भोजनमा सब्जी तथा फलहरूको कमी आदि सामेल छन्। यी जोखिमहरूबाट बॉच्ने प्रयास गर्नु जरूरी छ। यसको लागि कण्डोमको प्रयोगद्वारा सुरक्षित यौन सम्बन्ध स्थापित गर्नु वा केवल एउटै व्यक्तिसित यौन सम्बन्ध राख्नु, धूम्रपान नगर्नु तथा पर्याप्त मात्रामा फल र सब्जीहरू खानु जस्ता उपायहरू अपनाउनु पर्छ। यसरी गर्भनली सम्बन्धी क्यान्सरको रोकथाम गर्न सकिन्छ।

## सरभाइकल अर्थात् गर्भनली सम्बन्धी क्यान्सर रोगको सुक्ष्म-जाँच

गर्भनली सम्बन्धी क्यान्सर हुनअघि साधारणतः गर्भनलीका कोशिकाहरूमा असाधारण परिवर्तनहरू हुन्छन् जो कुनै लक्षणहरू बिना पनि हुन सक्छन्। सरभाइकल स्मीअर नामक जाँचद्वारा यसप्रकारका असाधारण परिवर्तनहरूलाई खुट्याउन सकिन्छ। यसलाई चाँडै खुट्याएर त्यसको उपयुक्त प्रबन्धन गरिएको खण्डमा, यस्तो विकारको रोकथाम गर्न सकिन्छ। व्यवस्थित तरिकाद्वारा जनसंख्या-आधारित यसप्रकारको जाँच, गर्भनली सम्बन्धी क्यान्सरका घटनाहरू तथा यसबाट हुने मृत्युलाई कम्ती पार्नमा औधि नै प्रभावका री सिद्ध भएको देखिएको छ।

## सरभाइकल स्मीअर

यो एक सुरक्षित अनि सरल जाँच हो, जसको लागि केही मिनट मात्रै लाग्छ। 25 देखि 64 वर्ष उमेरका ती सबै महिलाहरूलाई यो जाँच नियमित रूपमा गर्ने सुझाउ दिइन्छ,

जसले कुनै समयमा यौन सम्बन्ध राखेका थिए। उमेरको यस वर्गमा नपर्ने महिलाहरूले सरभाइकल स्मीअर जाँचको आवश्यकताको बारेमा डॉक्टरसित परामर्श गर्न सक्छन्। यौन सम्बन्ध कहिल्यै नराखेका अथवा हिस्टरेक्टॉमी भएका महिलाहरूलाई यो जाँचको कुनै आवश्यकता छैन।

衞生署
Department of Health

## सुक्ष्म-सुजाँचको अन्तराल

यदि प्रथम 2 पटक वार्षिक सरभाइकल जाँचको परिणाम साधारण निस्कियो भने, यो जाँचलाई हरेक 3 वर्षमा दोहोराउनुहोस्। अर्को शब्दहरूमा भन्नु हो भने, जाँचको अन्तरालको यस क्रमलाई अपनाउनुहोस्-1 वर्ष, 1 वर्ष, 3 वर्ष, 3 वर्ष अनि यसरी नै अघि पनि।

## गर्भनली **सम्बन्धी सुक्ष्म-जाँच कार्यक्रम**

यो क्षेत्रगत रूपमा गरिने जाँच कार्यक्रम हो अनि यो कार्यक्रम स्वास्थ्य विभाग (डी एच)-ले सार्वजनिक अनि निजी स्वास्थ्य सेवा प्रदायक र प्रयोगशालाहरूको सहयोगद्वारा थालेको हो। यसको उद्देश्य जनतामा जागरूकता बढाउनु अनि धेरै भन्दा धेरै महिलाहरूला यस्तो यो जाँचको लागि प्रोत्साहित गर्नु तथा हङ्गकङ्गमा गर्भनली सम्बन्धी क्यान्सरका घटनाहरू तथा यसबाट हुने मृत्युलाई कम्ती पार्नु हो। सहभागीहरूको जानकारीलाई संग्रह गर्नको लागि यस कार्यक्रम अन्तर्गत इलेक्ट्रा निक सेन्ट्रल रेजिस्ट्रीको व्यवस्था छ।

## गर्भनली सम्बन्धी सुक्ष्म-जाँच कार्यक्रमको प्रवाह चित्र




### अधिक जानकारी

अधिक जानकारीको लागि हाम्रो वेबसाइट: www.cervicalscreening.gov.hk

(क्यान्टोनिज वा अंग्रेजी भाषामा)-मा फोन गुर्नहोस्।